# नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
### सिंहदरबार, काठमाडौं
### (प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४
चलानी नं १०७

मितिः२०८३/०६/०२
ने.सं. ११४६

श्री स्थानीय तह (विदुर नगरपालिका, बेलकोटगढी नगरपालिका, उत्तरगया गाउँपालिका, गोसाइँकुण्ड गाउँपालिका, कालिका गाउँपालिका, आमाछोदिङ्मो गाउँपालिका, किस्पाङ गाउँपालिका, तारकेश्वर गाउँपालिका, गल्छी गाउँपालिका, सिद्धलेक गाउँपालिका, गजुरी गाउँपालिका, बेनीघाट रोराङ गाउँपालिका, गण्डकी गाउँपालिका, देवघाट गाउँपालिका र आँबुखैरेनी गाउँपालिका) १५ वटा

विषयः आवश्यक समन्वय र सहजीकरण सम्वन्धमा ।

प्रस्तुत विषयमा महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको प.सं.२०८३/८४,च.नं.१२,मिति २०८३/०६/०२ को पत्रमार्फत बाढी प्रभावित क्षेत्रका बालबालिकाहरुको उचित संरक्षण, शिक्षा र उज्वल भविष्यका लागि महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयले उनिहरुको अभिभावकत्व लिई संरक्षणका लागि राष्ट्रिय बाल अधिकार परिषद् अन्तर्गत रहने गरी ललितपुर जिल्लाको गोदावरीमा अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनमा ल्याएको हुँदा बाढीका कारण अभिभावक विहिन हुन पुगेका बालबालिकालाई मन्त्रालयले गरेको व्यवस्था बमोजिमको अस्थायी संरक्षण सेवा केन्द्रमा ल्याउँदा तहाँ गाउँ/नगरपालिकाबाट सहजीकरण गर्न अनुरोध गरिएको पत्र यसै साथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा अनुरोध छ ।

.......................
प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
श्री सूचना प्रविधि शाखाःमाथि उल्लिखत स्थानीय तहमा इमेल मार्फत प्रेषित गरी वेवसाईटमा समेत अपलोड गर्नुहुन ।

नेपाल सरकार

# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

बाल संरक्षण शाखा

सिंहदरबार, काठमाडौं
फोन नं.:०१-४२००१६८

प.सं.:२०८३/८४
च.नं. बा.सं. १२

मितिः २०८३/०६/०२
ने.सं.११४६

विषय- आवश्यक समन्वय र सहजीकरण गरिदिनुहुन।

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

यही भदौ १० गते रसुवा जिल्लाको भोटेकोशी/त्रिशूली नदीमा आएको भीषण बाढीका कारण ठूलो जनधनको क्षति हुनुका साथै धेरै बालबालिकाहरू प्रभावित हुन पुगेका छन्। यस संवेदनशील घडीमा बाढी प्रभावित क्षेत्रका बालबालिकालाई लक्षित गरी केही व्यक्ति, गैर-सरकारी संघ संस्था, सामाजिक तथा धार्मिक संघ संस्था/समूहहरूले ती बालबालिकाको पालनपोषण, शिक्षादीक्षा र संरक्षणको बहानामा उनीहरूलाई लोभ्याउने, जिम्मामा लिन अनेक प्रयास गर्ने, सम्बन्धित निकायलाई अनुरोध गर्ने, सो को लागि भनसुन गर्ने, प्रभावमा पार्न खोज्ने, मनोविमर्शको नाममा अवाञ्छित धार्मिक प्रभाव पार्न खोज्ने लगायतका गतिविधि गरेको देखिएकोले विपद्को अवस्थाको फाइदा उठाई गरिने यस्ता क्रियाकलापले बालबालिकाको मनोसामाजिक र भावनात्मक स्थितिमा गम्भीर नकारात्मक प्रभाव पार्ने जोखिम रहनेहुँदा बाढी प्रभावित क्षेत्रका बालबालिकाहरूको उचित संरक्षण, शिक्षा र उज्ज्वल भविष्यका लागि यस मन्त्रालयले उनीहरूको अभिभावकत्व लिई संरक्षणका लागि राष्ट्रिय बाल अधिकार परिषद् अन्तर्गत रहनेगरी ललितपुर जिल्लाको गोदावरी नगरपालिका वडा नं १२ ठेचोमा अस्थायी संरक्षण सेवा केन्द्र सञ्चालनमा ल्याएको छ। उनीहरूको सम्बन्धमा प्रारम्भिक छानबीन गरी तत्काल उक्त सेवा केन्द्रमा सुरक्षित साथ राख्ने प्रबन्ध गर्न लागिएकोले बाढीका कारण अभिभावकविहीन हुन पुगेका बालबालिकालाई यस मन्त्रालयले गरेको व्यवस्था बमोजिमको अस्थायी संरक्षण सेवा केन्द्रमा ल्याउँदा आवश्यक सहजीकरणका लागि भोटेकोशी बाढी प्रभावित जिल्लाका नेपाल सरकारद्वारा संकटग्रस्त क्षेत्र घोषित स्थानीय तहहरूलाई बालबालिकाको सर्वोत्तम हित सुनिश्चित गर्ने गराउने कार्यमा सहयोग, समन्वय एवम् सहजीकरण गर्न तहाँ मन्त्रालयबाट पत्राचार गरिदिनुहुन यस मन्त्रालयको मिति २०८३।०६।०२ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ।

२०८३/०६/०२

(दुर्गा प्रसाद चालिसे)
उपसचिव

बोधार्थः
१. राष्ट्रिय बाल अधिकार परिषद्, पुल्चोक, ललितपुर।
२. गोदावरी नगरपालिका, ललितपुर।

Scanned with CamScanner